## नेपाल राष्ट्र बैंक

### प्रेस समाचार

# गभर्नर डा. खतिवडा सिसन गभर्नर्स सम्मेलन तथा बैठकमा भाग लिई स्वदेश फिर्ता

पपुवा न्यु गिनीको राजधानी पोर्ट मोर्सवीमा २०७१ मंसिर ४-६ गते (November 20-22, 2014) सम्पन्न भएको दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको सङ्गठन सिसनको ५० औं गभर्नर्स सम्मेलन तथा ३४ औं बोर्ड अफ गभर्नर्स बैठकमा भाग लिई गभर्नर डा. युवराज खतिवडा मंसिर ७ गते स्वदेश फर्कनुभयो ।



सम्मेलनको उद्घाटन सम्बोधन पपुवा न्यु गिनीका वित्त मन्त्री Patrick Pruaitch ले गर्नुभएको थियो भने आयोजक बैंक अफ पपुवा न्यु गिनीका गभर्नर Loi Bakani ले स्वागत मन्तव्य व्यक्त गर्दै केन्द्रीय बैंकको कुशल कार्यसम्पादन अभिवृद्धिका लागि सिसन फोरम प्रभावकारी रहेको र अझ उपयोगी हुँदै जाने विश्वास व्यक्त गर्नुभएको थियो । सो समारोहमा सिसनको तत्कालीन अध्यक्षका हैसियतले प्रत्युत्तर मन्तव्य व्यक्त गर्दै गभर्नर डा. युवराज खतिवडाले ७ राष्ट्रका केन्द्रीय बैंकहरूको संगठनको रूपमा सुरु भएको सिसनमा २० सदस्य र ६ सह-सदस्य पुग्नु संस्थाको गतिशीलता र सफलताको प्रतीक भएको बताउनुभएको थियो । उहाँले बढ्दो वित्तीय एकीकरण र त्यसबाट उत्पन्न हुन सक्ने सम्भावित संकटलाई सामना गर्न क्षेत्रीय रूपमा सहकार्य र समन्वयको बढ्दो आवश्यकता माथि प्रकाश पार्नुभएको थियो ।

सम्मेलनमा अन्तर्राष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर Naoyuki Shinohara ले विश्व अर्थतन्त्रको वित्तीय अवस्था तथा आगामी चुनौतीका सम्बन्धमा उद्घाटन मन्तव्य व्यक्त गर्नुभएको थियो भने बैंक फर इन्टरनेसनल सेटलमेन्टका डेपुटी जेनरल मेनेजर Herve Hannoun ले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय आबद्धता, आपसी अन्तर्निर्भरता तथा यसका चुनौतीका बारेमा विस्तृत प्रकाश पार्नुभएको थियो ।

Regional Initiatives in the Midst of Vulnerabilities मुख्य विषय रहेको उक्त सम्मेलनका सत्रहरूमा समसामयिक आर्थिक तथा वित्तीय विषयहरूमा छलफल तथा बहसहरू भएका थिए । यस मध्ये **क्षेत्रीय पुँजी बजारको विकास** विषयक तेस्रो सेसनको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्नुभएको थियो । उक्त अवसरमा गभर्नर डा. खतिवडाले पुँजी बजार विकासको सन्दर्भमाथि प्रकाश पार्दै पुँजी बजार खुला गर्दा पुँजीको आगमन तथा बहिर्गमन सम्बन्धी स्पष्ट कानुनी तथा सुपरिवेक्षकीय प्रणाली व्यवस्थित गर्नुपर्ने आवश्यकतामा जोड दिँदै यस सम्बन्धमा नेपालले समेत पाठ सिक्न सक्ने बताउनु भयो । सो सेसनमा अष्ट्रेलियास्थित APEC Study Centre का निर्देशक Kenneth Waller ले सम्बन्धित विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो । यसै गरी **सिसन अर्थतन्त्रमा अन्तर्देशीय वित्तीय सञ्जाल** विषयक चौथो सेसनमा गभर्नर खतिवडाले प्यानलिष्टको रूपमा वार्ता प्रस्तुत गर्नुभएको थियो । यस क्रममा गभर्नर खतिवडाले क्षेत्रीय पुँजीबजारको विकास, यसको तयारी, सम्भावना तथा चुनौतीका साथै अन्तर्देशीय बैंकिङ सञ्जाल, सम्पत्ति शुद्धीकरणका साझा समस्या

तथा बढ्दो छाया बैंकिङका कारण मौद्रिक नीति कार्यान्वयनमा पुऱ्याउन सक्ने अवरोधका सम्बन्धमा विस्तृत प्रकाश पार्नुभएको थियो ।

यी सबै सेसनहरूमा बैंकिङ तथा पुँजीबजारको विकासका लागि वैदेशिक लगानी भित्रिनु उपयुक्त हुने तथा यसबाट उत्पन्न हुन सक्ने चुनौतीहरू न्यूनीकरण गरेमा कुनै पनि देशको आर्थिक विकासको मार्ग अझ फराकिलो हुने कुरामा व्यापक छलफल भएको थियो । अर्थतन्त्रमा Macro तथा Micro Prudential Policy को प्रभावकारी कार्यान्वयन गरिएमा आन्तरिक अस्थिरता न्यूनीकरण हुने, अन्तर्देशीय सुपरिवेक्षण तथा सङ्कट व्यवस्थापन गर्नुका साथै सम्भावित वित्तीय समस्याको सामना गर्नमा सिसन क्षेत्रका केन्द्रीय बैंकका गभर्नरहरूको यस प्रकारको ज्ञान तथा अनुभव आदानप्रदानबाट महत्वपूर्ण सहयोग पुग्ने विचार व्यक्त गरिएको थियो । साथै, क्षेत्रीय वित्तीय एकीकरणबाट सो क्षेत्रमा आर्थिक वृद्धि तथा प्रणालीगत सुदृढता अभिवृद्धि हुन सक्ने कुरामा जोड दिँदै यसका लागि सदस्य मुलुकका केन्द्रीय बैंकह्रूबीच सूचना तथा तथ्यांकह्रूको पर्याप्त आदानप्रदान हुनुपर्ने आवश्यकतामा जोड दिइएको थियो ।



कार्यक्रमको दोस्रो दिन सिसन बोर्ड अफ गभर्नर्सको बैठक सम्पन्न भयो । सो बैठकले सिसनको रणनैतिक र व्यावसायिक योजना स्वीकृत गरेको थियो । गत वर्ष काठमाडौंमा सम्पन्न भएको सिसन बोर्ड अफ गभर्नर्सबाट नेपाललाई हस्तान्तरण भएको अध्यक्षता गभर्नर खतिवडाले बैंक अफ पपुवा न्यु गिनीका गभर्नर Loi Bakani लाई हस्तान्तरण गर्नुभएको थियो । सो बैठकले Hong Kong Monetary Authority लाई सिसनको बीसौं सदस्यका रूपमा स्वीकृति प्रदान गर्नुका साथै आगामी ५१ औं गभर्नर्स सम्मेलन तथा ३५ औं बोर्ड अफ गभर्नर्स बैठक Bangko Sentral ng Pilipinas ले आयोजना गर्ने प्रस्तावलाई स्वीकृति प्रदान गरेको थियो ।

सो सम्मेलनमा गभर्नर डा. खतिवडाका साथ गभर्नरको कार्यालयका सहायक निर्देशक भागवत आचार्यले पनि भाग लिनुभएको थियो ।

२०७१।८।८

**गभर्नरको कार्यालय**